अनुसूची-१

दफा ३(३)बमोजिमको

## काठमाडौं महानगरपालिका

.................वडा कार्यालय

# घर/जग्गा बहाल सम्झौता

दर्ता नम्बरः ..........                                                  मितिः .......................

.......................................... र ................................. को बिचमा

घर/जग्गा बहालमालिने/दिने सम्बन्धमागरिएको

## सम्झौता-पत्र

................................... को नाती ................................. को छोरा ............................................ बस्ने वर्ष .........को नागरिकता प्रमाण-पत्र नम्बर.................... भएको श्री .................................. (यसपछि पहिलो पक्षभनिने) र ................................ को नाती ................................ को छोरा ..................... बस्ने वर्ष ......... को नागरिकता प्रमाण-पत्र नम्बर ................. भएको श्री ................................... (यसपछि दोस्रो पक्ष भनिने) का बिचमा काठमाडौं महानगरपालिका वडा नं. ........... मा रहेको ...................... करदाता नम्बरको पहिलो पक्षको स्वामित्वको भवन/जग्गा देहायको सर्त, बन्देज तथा दायित्व बहन गर्ने गरी बहालमा लिनदिन दुवै पक्ष मञ्जुर भई यो घर बहालको सम्झौता गरी एक-एक प्रतिलियौं/दियौं।

देहायः

१. पहिलो पक्षको हक तथा स्वामित्वमा रहेको काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नम्बर ......... मा अवस्थित कित्ता नम्बर .................... मा बनेको घर बहालमा दिने र दोस्रो पक्षले बहालमा लिने उद्देश्यले यो सम्झौता गरिएको छ।

२. प्रकरण नम्बर १ मा उल्लिखित घर बहालमा लिने/दिनेको विवरण यस प्रकारको हुनेछः

क) घर रहेको टोल (ठेगाना) ..........................................................................................

ख) घरमा आवत जावत गर्न प्रयोग हुने मार्गको नाम ....................................................................

ग) घर बहालको प्रयोजन ..........................................................................................
*(लिज वा सबलिजमादिने हो भने सो व्यहोरा खुलाउने)*

घ) घरको तला .......................................... ङ) बहालमा दिने घरको चार किल्ला ...........................

च) बहालको कूल क्षेत्रफल .......................... छ) कोठा संख्या ............................. बमोजिमको हुने छ।

३. बहालमा लिने/दिने क्षेत्रफलमा जम्मा .................. तला ............ भएकोले सोको जम्मा रु. ................ घर बहाल रकम तोकिएको छ। दोस्रो पक्षले पहिले पक्षलाई प्रत्येक महिनाको ७ गते भित्रअघिल्लो महिनाको बहाल रकम बुझाउनुपर्ने छ। बहाल रकम नगदै वा पहिलो पक्षले तोकेको बैंक खातामा जम्मा गरिदिनुपर्ने छ। नगदै बुझेमा पहिलो पक्षले बहाल बुझिलिएको भर्पाइ गरिदिनुपर्ने छ भने बैंक खातामा जम्मा गरेमा सोको भौचरको एक प्रति पहिलो पक्षलाई दोस्रो पक्षलेउपलब्ध गराउनुपर्ने छ।

४. यस सम्झौताको प्रकरण नम्बर ३ बमोजिम दोस्रो पक्षलेपहिलो पक्षलाई तिर्नु बुझाउनुपर्ने रकम सोही प्रकरणमा उल्लेखित समय सिमाभित्र बुझाउनुपर्ने छ। म्यादभित्र बुझाउन नसकेमा १० प्रतिशत जरिवानातिरी अर्को महिनाको मसान्तभित्र तिर्न/बुझाउन सक्ने छ। तीनमहिना भित्र समेत घर बहाल रकम नतिरे नबुझाए पहिलोपक्षले यो सम्झौता स्वतः भङ्ग भएको मानी घर खाली गराउने प्रक्रिया अघि बढाउन सक्ने छ।

५. यो सम्झौता विपरीत कार्य गरेमा पहिलो पक्षले बहाल बाटहट्न लिखित निर्देशन दिन सक्ने छ। यस्तो निर्देशन प्राप्त भएपछि दोस्रो पक्षले बहालबाट हट्नुपर्ने छ। दोस्रो पक्षले बहालमा लिएको घर छोड्नुपर्ने भएमा ३५ दिनको पूर्व लिखित सूचना पहिलो पक्षलाई दिई घर बहालको सम्झौता अन्तगर्न सक्ने छ। जुन पक्षबाट सम्झौता भङ्ग गर्ने प्रक्रिया प्रारम्भ गरेको भएपनि सो सम्बद्ध कागजात सहित वडा कार्यालयलाई लिखित जानकारी गराउनुपर्ने छ।

६. काठमाडौं महानगरपालिकालाई तिर्नुपर्ने बुझाउनुपर्ने बहाल कर पहिलो पक्षको नामबाट दोस्रो पक्षले बुझाई सो रकम बहाल रकमबाट कट्टा गरी कर तिरेको कागज सहित पहिलो पक्षलाई बहाल रकम भुक्तानी गर्नुपर्ने छ।

७. घर बहाल रकम प्रत्येक दुई-दुई वर्षमा .................... प्रतिशतका दरले वृद्धिहुने छ।
(तर प्रत्येक दुई-दुई वर्षमा अधिकतम १० प्रतिशत भन्दा बढी रकम बढ्ने छैन)

८. व्यवसाय कर, पानी, बिजुली, टेलिफोन तथा फोहोरमैला व्यवस्थापन बापत तिर्नु/बुझाउनुपर्ने कर दस्तुरको दायित्व दोस्रो पक्षको हुने छ।

९. यो सम्झौताको अवधि ......................वर्षको हुनेछ। दुवै पक्षको सहमतिमा सम्झौताको म्याद थपगर्न सकिने छ।

१०. दोस्रो पक्षको कारण बहालमा लिँदाको भवनको अवस्थामा कुनै टुटफुट भएमा, भत्केमा वा मर्मत-सम्भार गर्नुपर्ने भएमा मर्मत-सम्भार गर्ने र पूर्ववत् वा चालू अवस्थामा राख्नु दोस्रो पक्षको दायित्व हुने छ। बहाल सम्झौता समाप्त भए पश्चात् घर पूर्ववत अवस्थामा फिर्ता गर्नुपर्ने छ।

११. यो सम्झौता मिति ....................बाट लागू हुने छ। सम्झौतको यथार्थ परिपालना गर्नु/गराउनु दुवै पक्षको कर्तव्य हुने छ। सम्झौता कार्यान्वयनको क्रममा कुनै विवाद भएमा आपसी छलफल तथा सहमतिबाट विवादको निरुपण गरिने छ। सहमतिबाट विवाद समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बद्ध वडा कार्यालयमा उजुरी पेश गर्न सकिने छ।

१२. बहालमा लिने घरको बिमा पहिलो पक्षले गर्नुपर्ने छ (दोस्रोपक्षले बिमा गर्ने हो भने प्रिमियम बापतको रकम बहाल रकमबाट कट्टा गरी पहिलो पक्षलाई बहाल रकम बुझाउन सकिने छ।

१३. घर जग्गा बहालमा लिने र दिने पक्षहरूको पूरा नाम र ठेगाना, नागरिकता नम्बर, राष्ट्रिय परिचयपत्र नम्बर, मोबाइल नम्बर र विदेशी भए राहदानी वा परिचय खुल्ने प्रमाण-पत्र, इमेल ठेगाना, करदाता सङ्केत नम्बरसमेत उल्लेख गर्नुपर्नेछ।

१४. यस सम्झौतामा उल्लेख नभएका सर्त, बन्देज अन्य दायित्व काठमाडौं महानगरपालिकाको बहाल व्यवस्था कार्यविधि २०७९ बमोजिमहुने छ।

**पहिलो पक्षको तफबाट**

नामः ...............................................

करदाता संकेत नं.: .................................

फोन नं.: ..........................................

इमेल : ............................................

दस्तखतः ..........................................

मितिः ..............................................

**दोस्रो पक्षको तर्फबाट**

नामः ...............................................

करदाता संकेत नं.: .................................

फोन नं.: ..........................................

इमेल : ............................................

दस्तखतः ..........................................

मितिः..............................................

साक्षीहरु

१. ..................................................

२. ..................................................

इति संवत् २०........... साल .................... महिना ..........गते..........................रोज शुभम्।